# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या – ४८

## दैनिक कार्यसूची

२०८१ भदौ ०६ गते बिहीबार

दिनको १:०० बजे

**(सम्भावित)**

### विषयगत समितिमा हेरफेर

१. सम्माननीय सभामुखले प्रतिनिधि सभा अन्तर्गतको विषयगत समितिहरुमा माननीय सदस्यहरुको नाम हेरफेर गर्नुहुने ।

### प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर

२. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिम माननीय सदस्यहरुले सोध्नुभएको प्रश्नको जवाफ दिनुहुने ।

### ध्यानाकर्षण प्रस्ताव

३. माननीय डा० तोसिमा कार्कीले "हैजा महामारीका कारण निम्तिन सक्ने स्वास्थ्य संकटकालको पूर्वानुमान, नियन्त्रण र द्रुत प्रतिकार्यलाई प्रभावकारी बनाउनु पर्ने" भन्ने सार्वजनिक महत्वको विषयमाथी माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीको ध्यानाकर्षण गर्नुहुने ।

### व्यवस्थापन कार्य

४. "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० प्रेम सुवालले राख्नुभएको विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गरिने ।

५. माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१" प्रस्तुत गर्नुहुने ।

६. "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० प्रेम सुवालले राख्नुभएको विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गरिने ।

७. माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" प्रस्तुत गर्नुहुने ।

सुरेश अधिकारी
प्रतिनिधि सभाको सचिव